# आगलागी नियन्त्रण पूर्वतयारी कार्ययोजना, २०८२

(जिल्ला विपद् ब्यवस्थापन समिति, सुर्खेतको मिति २०८२ चैत्र १५ गतेको बैठकबाट पारीत)

| क्र.सं. | क्रियाकलापहरु | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | विधि | समय सारिणी | अपेक्षित उपलब्धी | सूचक |
|---|---|---|---|---|---|---|---|
| १ | आगलागी हुन सक्ने क्षेत्रको पहिचान | डिभिजन वन कार्यालय, स्थानीय तह | कर्णाली प्रदेश सरकार, सुरक्षा निकाय, स्थानीय तह | डिभिजन वन कार्यालयले वन डढेलोको उच्च जोखिम रहेका क्षेत्रहरुको पहिचान गरी विवरण तयार गर्ने | २०८२ चैत्रको तेस्रो हप्ता | जोखिमयुक्त क्षेत्रमा सतर्कता अपनाउन सूचना उपलब्ध हुने | जोखिमयुक्त क्षेत्रको विवरण |
| २ | आगलागी गराउने वा गराउन उद्योग गर्न सक्ने पक्षको पूर्वानुमान र निगरानी | वन उपभोक्ता समूह | वडा कार्यालय, सब डिभिजन वन कार्यालय, प्रहरी चौकी र राअवि | सब डिभिजन वन कार्यालय, वडा कार्यालय, प्रहरी चौकी, राअविले सुक्ष्म रुपमा सूचना सङ्कलन गरी डिभिजनल वन अधिकृतलाई सूचना उपलब्ध गराउने | निरन्तर | आगलागी गराउने पक्षको पहिचान र कारवाही | सुराकी प्रतिवेदन |
| ३ | सडक छेउछाउमा रहेको स्याउला सोत्तरहरुलाई सङ्कलन गरी कम्पोष्ट मल तयार गर्ने साथै रिचार्ज पोखरी निर्माण गर्ने | डिभिजन सडक, वन उपभोक्ता समूह, वडा कार्यालयहरु | डिभिजन वन कार्यलय, स्थानीय तह | वन उपभोक्ता समूह, स्थानीय समुदायहरुको सहभागितामा कम्पोष्ट मल र रिचार्ज पोखरी तयार गर्ने | २०८२ चैत्र तेस्रो हप्तादेखि | आगलागीका जोखिम भएका स्याउला सोत्तर नियन्त्रण हुने | अनुगमन |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | क्रियाकलापहरु | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | विधि | समय सारिणी | अपेक्षित उपलब्धी | सूचक |
|---|---|---|---|---|---|---|---|
| ४ | आगलागी हुनासाथ तुरुन्तै नियन्त्रणमा लिई निभाउने | वन उपभोक्ता समूह, स्थानीय तह र टोल समिति | डिभिजन वन कार्यालय र सुरक्षा निकाय | आगो फैलिन नदिई तुरुन्तै स्थानीयस्तरबाट निभाउन टोलस्तरमा जनसमुदायको सहभागितामा वडा कार्यालयबाट Rapid Fire Control Team RFCT गठन गर्ने। | निरन्तर | आगो फैलिन नपाई ठूलो क्षति हुनबाट बचाउने | RFCT विवरण र गरिएका कार्य विवरण |
| ५ | स्थानीय स्तरबाट आगलागी नियन्त्रण हुन नसकेको अवस्थामा आगलागी नियन्त्रण गर्न जनशक्ति परिचालन | सुरक्षा निकाय, स्थानीय तह, डिभिजन वन कार्यालय | जिल्ला विपद् ब्यवस्थापन समिति | DDMC को निर्णय/ प्रजिअको समन्वयमा जनशक्ति र स्रोत साधन परिचालन गरी आगलागी नियन्त्रण गर्ने | निरन्तर | आगलागी नियन्त्रण हुने | गरिएको कामको डिभिजन वन कार्यालयबाट तयार गरिएको एकीकृत प्रतिवेदन |
| ६ | आगलागी हुन नदिन जनचेतना अभिबृद्धि र आम नागरिक सहयोग जुटाउन प्रचार प्रसार सामग्री उत्पादन र प्रसारण | डिभिजन वन कार्यालय, स्थानीय तह, गैसस | सञ्चार माध्यम, गैसस | डिभिजन वन कार्यालय लगायतले जनचेतनामूलक सामग्री विकास गरी सञ्चार माध्यम, वेभसाइट, सामाजिक सञ्जालबाट प्रकाशन/ प्रशारण गराउने | २०८२ चैत्रको तेस्रो हप्तादेखि | सचेतना अभिबृद्दि हुने | विकसित सामग्री र प्रकाशन/प्रशारण विवरण |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | क्रियाकलापहरु | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | विधि | समय सारिणी | अपेक्षित उपलब्धी | सूचक |
|---|---|---|---|---|---|---|---|
| ७ | अग्नि नियन्त्रण सामग्रीहरुलाई तुरुन्त प्रयोग गर्न सकिने गरी चुस्त दुरुस्त राख्ने | डिभिजन वन कार्यालय, सुरक्षा निकाय, स्थानीय तह र अन्य सरोकारवाला निकाय | जिल्ला प्रशासन कार्यालय, कर्णाली प्रदेश सरकार | सामग्रीहरुको विवरण अद्यावधिक गरी प्रयोग गर्न सकिने गरी तयारी अवस्थामा राखी राख्ने | २०८२ चैत्रको तेस्रो हसा | आगलागि नियन्त्रण हुने | प्रतिवेदन |
| ८ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना कार्यान्वयन | डिभिजन वन कार्यालय | सुरक्षा निकाय, स्थानीय तह | सचेतनामूलक कार्यक्रम सञ्चालन, अनुगमन, जनशक्ति परिचालन, आवश्यक सामग्रीहरुको उपलब्धता | २०८२ चैत्रदेखि २०८३ आषाढसम्म | आगलागी नियन्त्रण हुने | प्रतिवेदन |
| ९ | निकायगत कार्य सम्पादन सक्रियता र उपलब्धिको लेखाजोखा र अनुगमन | जि.स.स प्रमुख, प्र.जि.अ., सबै स्थानीय तह प्रमुख/अध्यक्ष | गृह मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश | मातहत निकायको जिम्मेवारी पालना गराउन समन्वय, सहजीकरण गरी सम्पादित कार्यको लेखाजोखा तथा अनुगमन गरी प्रतिवेदन DDMC बैठकमा प्रस्तुत गर्ने | निरन्तर अनुगमन र प्रतिवेदन २०८३ आषाढ | अन्तरनिकाय समन्वय र उत्तरदायित्व र जवाफदेहिता वृद्धि हुने | प्रतिवेदन |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सुर्खेत

२०८२।१२।१६

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी